# ऋग्वेदका ऋचाहरूमा पाइने भाषिक चिन्तनका प्रसङ्ग

- **पवन प्रधान**
नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यालय

**सार -** यस शोध पत्रमा ऋग्वेदका विभिन्न सूक्तहरूमा पाइने भाषिक चिन्तनबारे अध्ययन गरिएको छ। ऋग्वैदिक ऋचाहरूमा पाइने वाणी वा भाषा सम्बन्धी चिन्तनको वर्णन र विश्लेषण नै यस अध्ययन पत्रको उद्धेश्य रहेको छ। पूर्वीय भाषा चिन्तन परम्पराको प्रारूप वा बीज रूप वस्तुतः ऋग्वैदिक ऋचाहरूमा नै पाइन्छन्। अतः भाषा सम्बन्धी चिन्तनका दृष्टिले ऋग्वेदका मन्त्रहरू नै सर्वप्राचीन सामग्रीका रूपमा देखा पर्दछन्। वाक्तत्त्वका चिन्तनका दृष्टिले ऋग्वेदका ऋचाहरू सर्वप्राचीन हुनाका साथै उल्लेख्य एवम् महत्वपूर्ण पनि मानिन्छन्। वाक्तत्त्व वा वाणीको उत्पत्ति, भेद, स्वरूप, विशेषता एवम् महत्त्वबारे प्रकाश पारिएका अनेकौँ मन्त्रहरू ऋग्वेदभित्र पाइन्छन्। यस अध्ययन पत्रमा भाषा सम्बन्धी चिन्तनका दृष्टिले महत्त्वपूर्ण ठानिएका तिनै ऋग्वैदिक मन्त्रहरूको गूढार्थ र महत्त्वबारे नै वर्णन र विश्लेषण गरिएको छ। अत्यन्त सूत्रात्मक, प्रतीकात्मक एवम् रहस्यात्मक ढङ्गमा संरचित ऋग्वैदिक मन्त्रहरूको गूढार्थबारे सकेसम्म प्रकाश पार्ने प्रयत्न यस अध्ययन पत्रमा गरिएको छ।

**बीज शब्द**- ऋग्वेद, वाक्, वाणी, भाषा, ऋचा, मन्त्र, शब्दब्रह्म, चात्वरी वाक्, अक्षर।

## १ प्रवेश

पूर्वमा भाषिक चिन्तनको परम्परा वैदिक कालदेखि नै प्रारम्भ भएको देखिन्छ। वस्तुतः भारतीय परम्परा आरम्भदेखि नै 'वाक् केन्द्रित' परम्परा रहेको छ (मिश्रा, इ सं १९७३, पृ-१)। वैदिक कालदेखि नै भारतीय भूमिमा भाषा वा वाणी सम्बन्धी चिन्तन भएका अनेकौँ प्रसङ्ग र दृष्टान्तहरू पाइन्छन्। प्राचीन भारतीय ऋषिहरूले वेदलाई नै सबै शास्त्रीय चिन्तनको केन्द्रका रूपमा स्वीकार गरेका छन्। वेदलाई सर्वप्राचीन भारतीय ग्रन्थका रूपमा पनि स्वीकार गरिएको छ। भाषा सम्बन्धी चिन्तन वा अध्ययनका प्राचीन स्वरूप वा बीज रूप पनि वेदमा नै पाइएका छन्।

वैदिक साहित्यका पनि संहिता, ब्राह्मण ग्रन्थ, प्रातिशाख्य र उपनिषद् गरी चारवटा तह वा खण्ड छन्। वैदिक साहित्यका यी चारैवटा खण्डहरूमा भाषा सम्बन्धी चिन्तन भएको पाइन्छ। संहिता भन्नाले मन्त्रहरूको समुदाय बुझिन्छ भने ब्राह्मण ग्रन्थहरू तिनै वैदिक मन्त्रहरूको व्याख्या गरिएका वेदका आधिकारिक ग्रन्थ हुन्। यसरी नै उपनिषद् ग्रन्थहरू वैदिक मन्त्रहरूमा नै छरिएर बसेका दार्शनिक एवम् तात्त्विक चिन्तनहरूलाई सङ्कलन गरी लेखिएका दार्शनिक ग्रन्थहरू हुन्।

वेदका पनि चारवटा भेद वा प्रकार छन्। यी चारवटा भेद हुन्- ऋग्वेद, सामवेद, यजुर्वेद र अथर्ववेद। ऋग्वेदलाई वेदहरूमा सर्वप्राचीन मानिन्छ। यसर्थ भाषा सम्बन्धी चिन्तनका दृष्टिले पनि ऋग्वेदका मन्त्रहरू नै सर्वप्राचीन सामग्रीका रूपमा देखा पर्दछन्।

## २ ऋग्वेदका ऋचाहरूमा पाइने भाषिक चिन्तनका प्रसङ्गहरूको विश्लेषण

वैदिक कालका भारतीय ऋषिहरूले स्थूल तत्त्वका साथै सूक्ष्म तत्त्वबारे पनि चिन्तन गरेका छन्। सूक्ष्म तत्त्वहरूमा विशेष भारतीय ऋषिहरूले वाक्तत्त्व, मानसतत्त्व र प्राणतत्त्वबारे चर्चा गरेका छन्। यी तीनवटा सूक्ष्म तत्त्वमध्ये वाक्तत्त्व र मानसतत्त्वको सम्बन्ध सोझै भाषा चिन्तनसित गाँसिएको पाइन्छ। वाक्तत्त्वको चिन्तनका दृष्टिले ऋग्वेद,

मानसतत्त्वका चिन्तनका दृष्टिले यजुर्वेद तथा प्राणतत्त्वको चिन्तनका दृष्टिले सामवेदका ऋचाहरूलाई महत्त्वपूर्ण एवम् उल्लेख्य मानिन्छन् (द्विवेदी, इ सं २०१९, पृ -४४१)। अतः वाक्तत्त्व अर्थात् वाणीको चिन्तनका दृष्टिले चारवटा वेदमध्ये ऋग्वेदका ऋचाहरू सबैभन्दा महत्त्वपूर्ण छन्। ऋग्वेदका अनेकौँ मन्त्रहरूमा वाक्तत्त्वका स्थूल र सूक्ष्म दुवै रूपबारे व्यापक रूपमा चर्चा भएको पाइन्छ। वाक्तत्त्वको उत्पत्ति, भेद, सर्वोत्कृष्टता, व्यापकता, महानता, सूक्ष्मता एवम महत्त्वबारे प्रकाश पारिएका अनेकौँ मन्त्रहरू ऋग्वेदभित्र सङ्ग्रहित भएका पाइन्छन्।

ऋग्वेदमा भाषा शब्दलाई बुझाउनाका निम्ति वाक्, वाणी, भारती आदि शब्दहरूको व्यवहार गरिएको छ। ऋग्वेदमा वाक् वा वाणी शब्दको प्रयोग विभिन्न अर्थ, सन्दर्भ र प्रसङ्गहरूमा भएको पाइन्छ। भाषिक चिन्तनका दृष्टिले ऋग्वेदका प्रथम, चौथो, छैठौँ र दशौँ मण्डलका केही सूक्तहरू अत्यन्तै महत्वपूर्ण छन्। भाषा चिन्तनका दृष्टिले ऋग्वेदका केही उल्लेखनीय र विवेचनीय सुक्तहरू यस प्रकार छन्-

१) प्रथम मण्डलको एकसय चौसट्ठीऔँ सूक्त,
२) चौथो मण्डलको अन्ठाउन्नौँ सूक्त,
३) छैँठौ मण्डलको एकसट्ठीऔँ सूक्त,
४) दशौँ मण्डलको एकसट्ठीऔँ, एकाहत्तरौँ तथा एकसय पच्चीसौँ सूक्त।

यी सूक्तहरूमा पनि दशौँ मण्डलका सूक्तहरू विशिष्ट एवम् विचारणीय देखिन्छन्। यहाँ पहिलो मण्डलदेखि क्रमशः दशौँ मण्डलसम्मका भाषिक चिन्तनका दृष्टिले उल्लेखनीय सूक्तका मन्त्रहरूको चर्चा गरिने छ। भाषा सम्बन्धी चिन्तनका दृष्टिले ऋग्वेदको प्रथम मण्डलको एकसय चौसट्ठीऔँ सूक्तको पैँतालीसौँ मन्त्र वा श्लोक प्रथम उल्लेख्य श्लोकका रूपमा देखा पर्छ। श्लोक यस्तो छ-

चत्वारि वाक् परिमिता पदानि तानि विद्रुब्रर्माहणा ये मनीषिणः।
गुहा त्रीणि निहिता नेङ्गयन्ति तुरियं वाचो मनुष्याः वदन्ति।।

अर्थात् वाक् चार प्रकारका हुन्छन् र तिनलाई केवल मनीषी ब्राह्मणले मात्रै जान्दछन्। यिनमा तीनवटा चाहिँ गुहामा निहित हुन्छन् र साधारण मान्छेहरू तुरीया (चौथो) वाणी मात्र बोल्दछन्। यहाँ उल्लेख गरिएका यस श्लोकमा प्रयुक्त 'चत्वारि वाक्'का विद्वान्हरूले विभिन्न अर्थ लगाएका छन्। निरूक्तकारले 'ऊँ, भूः, भूवः र स्वः'लाई चत्वारि वाक् मानेका छन् भने महाभाष्यकार पतञ्जलि, कैय्यट, नागेश अदिले 'नाम, आख्यात, उपसर्ग र निपात'लाई चत्वारि वाक् भनेका छन्। यसरी नै 'परा, पश्यन्ती, मध्यमा र वैखरी'लाई चत्वारि वाक्का रूपमा स्वीकार गर्ने विद्वान्हरूमा भर्तृहरि, गौडापाद र सायण जस्ता विद्वान्हरूको नाम उल्लेख्य छन् (बन्धु, वि सं २०७०, पृ-१२)।

भर्तृहरि प्रभृत्ति विद्वान्हरूले झैँ चत्वरि वाक्लाई यदि परा, पश्यन्ती, मध्यमा र वैखरीका रूपमा नै स्वीकार गर्ने हो भने वस्तुतः ऋग्वेदको प्रस्तुत मन्त्रमा वाणीका आन्तरिक र बाह्य गरी दुई तहबारे चर्चा गरिएको पाइन्छ। यस मन्त्र अनुसार परा, पश्यन्ती र मध्यमा वाणी वा भाषाको आन्तरिक वा सूक्ष्म रूप हुन् भने वैखरी वाणीको बाह्य वा स्थूल रूप हो। परा वाणी भनेको भाषाको अतिसूक्ष्म, सुषुप्त वा बीज रूप हो जसको ज्ञान केवल समाधिस्थ योगीहरूलाई मात्रै हुन सक्छ भन्ने मानिन्छ। भाषा प्रयोगको निश्चित प्रक्रिया आरम्भ भएपछि र भाषिक उच्चारण नहुन्जेलको स्थिति वाणीका पश्यन्ती र मध्यमा रूप हुन् भने उच्चारण भइसकेपछिको स्थितिचाहिँ वाणीको वैखरी रूप हो। भाषा वा वाणीको पश्यन्ती रूप परा रूपझैँ सामान्य मानिसका निम्ति ग्राह्य नभए तापनि अगम्य भने हुँदैन। यो समाधिस्थ योगीका साथै धीर चिन्तकका निम्ति पनि गम्य हुन्छ। वाणीको मध्यमा रूपचाँहि संयोजन स्थल हो जहाँ परा एवम् पश्यन्ती अवस्थामा रहेको सूक्ष्म वा अव्यक्त वाक् स्थूल र व्यक्त बन्न तयार भइरहेको हुन्छ। वाणीको अन्तिम रूप वैखरीचाँहि भौतिक रूप हो। मानवीय उच्चारण अवयवहरूका साह्यताले उच्चरित वाणीको यो भौतिक रूप भने सामान्य मानिसका निम्ति पनि ग्राह्य तथा सुनिन योग्य हुन्छ। अतः परा, पश्यन्ती र मध्यमाले भाषाका

आन्तरिक पक्ष बुझाएका छन् भने वैखरीले भाषाको बाह्य पक्ष बुझाएको छ। वाणीका यी चारवटा भेदका समन्वयात्मक रूपलाई नै ऋग्वेदमा भाषा मानिएको छ (चौलागाईँ, वि सं २०७९, पृ-३)। ऋग्वेदको यही अवधारणाका आधारमा नै उत्तरवर्ती कालका ऋषि, मुनि, आचार्य तथा वैयाकरणहरूले भाषाको व्याख्या गरेका छन्।

यहाँ उल्लेख गरिएको प्रथम मण्डलको एकसय चौसट्ठीऔँ सुक्तको पैतालीसौँ मन्त्रबाहेक प्रथम मण्डलको यसै सुक्तको सैँतीसौँ, उनन्चालीसौँ एवम् पचासौँ मन्त्रहरू पनि भाषा चिन्तनका दृष्टिले उल्लेख्य छन्। यी मन्त्रहरूमा प्रसङ्गवश छिटपुट रूपमा भए तापनि भाषा वा वाणीका सम्बन्धमा चर्चा भएको पाइन्छ। यस सूक्तको सैँतीसौँ मन्त्र यस्तो छ-

न वि जानामि यदिवेदमास्मि निण्यः सन्नद्धो मनसा चरामि।
यदा मागन्प्रथमजा ऋतस्यादिद्वाचो अश्नुवे भागमस्याः।।

अर्थात् आफू कस्तो छु भनी म जान्दिनँ। मूर्खझैँ मनले बाँधिएर म हिँड्दछु। जब पहिले प्रकट भएर सत्य मेरा सामु आयो, त्यसपछि नै मलाई वाणी प्राप्त भयो। यसरी प्रस्तुत मन्त्रमा सत्यनिष्ठ हुनाले अर्थात् सत्यलाई धारण गर्नाले मात्रै वाणीको सिद्धि प्राप्त हुने भाव प्रकट गरिएको छ। एकातिर यस मन्त्रमा सत्य तत्त्वको साक्षात्कार भएपछि मात्रै वाणी वा भाषामा महारथ प्राप्त गर्न सकिन्छ भन्ने कुरो जनाइएको छ भने अर्कातिर वाणी वा वाक्तत्त्वको ज्ञान भएपछि मात्रै मनको सबै अज्ञान नष्ट भई जीवन-जगत् र आफ्नो अस्तित्वबारे ज्ञान प्राप्त गर्न सकिन्छ भन्ने दार्शनिक अभिमत प्रकट गरिएको छ। अतः वाणी (शब्द) र सत्य (अर्थ वा ज्ञान) माझको अन्योन्याश्रित र नित्य सम्बन्धमाथि यस मन्त्रले प्रकाश पारेको छ। यसै सूक्तको उनन्चालीसौँ मन्त्र यस्तो छ-

ऋचो अक्षरे परमे व्योमन्यस्मिन्देवा अधि विश्वे निषेदुः।
यस्तन्न वेद किमृचा करिष्यति य इत्तिद्वदुस्त इमे समासते।।

अर्थात् अविनाशी ऋचाहरू परमाकाशमा व्याप्त छन्। तिनमा सम्पूर्ण देवशक्तिको वास छ। जसले यो तथ्य जान्दैन, त्यसका लागि ऋचाले के गर्ला र? जसले यो तथ्य जानेको छ, उसैले मात्र यिनको सदुपयोग गर्दछ। यस मन्त्रमा ऋचाहरूलाई अक्षर अर्थात् परम अविनाशी तत्त्वका रूपमा स्वीकार गरिएको छ। यसरी ऋचा अर्थात् वाक् तत्त्व अक्षर अर्थात् अविनाशी भएकाले अक्षरार्थ अझ अनन्त छ। ऋग्वेदको यस मन्त्रमा ऋचाहरू परम व्योममा व्याप्त छन् भन्ने जुन अभिमत प्रकट गरिएको छ त्यसले वाणी वा भाषाको उद्गम स्थल एवम् अधिष्ठानबारे पनि प्रकाश पारेको छ। यस मन्त्रमा उल्लेख गरिएको परम व्योम वा परमाकाशलाई घटकाश, चित्ताकाश वा महाकाश कुनै पनि अर्थमा लिन सकिन्छ। यदि वाणीको भौतिक रूपको उद्गम स्थल घटकाशलाई मान्ने हो भने पनि सूक्ष्म रूपको उद्गम स्थल भने निश्चय नै चित्ताकाश वा महाकाशलाई नै मान्नु पर्छ। अझ यहाँ ऋचालाई अक्षर वा अविनाशी भनिएको तथ्यलाई गम्भीरतापूर्वक मनन गर्ने हो भने त वाणी वा भाषाको उद्गम स्थल महाकाशलाई नै मान्नु सर्वथा उचित देखिन्छ।

माथि उल्लेख गरिएका पहिलो मण्डलको श्लोकहरूपछि चौथो मण्डलको अर्को एउटा श्लोक उल्लेखनीय देखिन्छ। चौथो मण्डलको अन्ठाउन्नौँ सूक्तको तेस्रो श्लोक यस्तो छ-

चत्वारि श्रृंगा त्रयो अस्य पादो द्वे शीर्षे सप्त हस्तासो अस्य
त्रिधा बद्धो बृषभो रोरवीति महोदेवो मर्त्या आ विवेश।

अर्थात् चारवटा सिङ तीनवटा खुट्टा, दुईवटा शिर, सातवटा हात भएको र तीन ठाउँमा बाँधिएको बृषभरूपी महादेव नै मर्त्यलोकका मनुष्यमा व्याप्त छन्। महाभाष्यकार पताञ्जलिले ऋग्वेदको प्रस्तुत श्लोकलाई आफ्नो ग्रन्थ महाभाष्यमा यसरी अर्थ्याएका छन्-

“शब्दरूपी बृषभका नाम, आख्यात (क्रिया), उपसर्ग र निपात गरी चारवटा सिङ; भूत भविष्य र वर्तमान गरी तीनवटा पाउ; सुप र तिङ् गरी दुईवटा शिर अनि कारकका सात विभक्तिरूपी सातवटा हात छन्। यो उर (छाती), कण्ठ र शिर गरी तीनवटा ठाउँमा बाँधिएको छ। यही शब्दरूपी महादेव नै सर्व मनुष्यमा व्याप्त छन्” (द्विवेदी, इ सं १९६७, पृ -११)।

यसरी महाभाष्यकार पतञ्जलिले ऋग्वेदको यस ऋचाको व्याख्या गर्दै यसमा वृषभरूप महादेवको चर्चा गरिएको जनाएका छन्। अझ व्यापक अर्थमा भन्ने हो भने यस मन्त्रमा शब्दरूपी वृषभलाई महादेव अर्थात् ठुला वा महान् देव भनिएको हुनाले उत्तरवर्ती कालमा प्रतिपादित शब्दब्रह्मका अवधारणाको बीजरूप पनि ऋग्वेदको यसै मन्त्रमा रहेको मान्न सकिन्छ।

हिन्दू धार्मिक मान्यता अनुसार वृषभलाई शिवको वाहान मानिन्छ भने शिवलाई वेद वा ज्ञानस्वरूप मानिन्छ। यस सन्दर्भमा ऋग्वेदको प्रस्तुत मन्त्रको भावार्थको व्याख्या गर्ने हो भने शब्दरूपी वृषभमाथि नै ज्ञानस्वरूप शिवको सवारी हुने कुरा स्पष्ट हुन्छ। अतः शब्द नै ज्ञानको वाहक एवम् मूल श्रोत हो भन्ने कुरो प्रष्ट हुन्छ।

यसरी नै वाणी सम्बन्धी चिन्तनका दृष्टिले ऋग्वेदको छैठौँ मण्डलको एकसट्ठीऔँ सरस्वती सूक्त पनि महत्त्वपूर्ण देखिन्छ। यद्यपि यस सूक्तमा प्रत्यक्ष रूपमा वाक् वा वाणीका विषयमा चर्चा गरिएको छैन। यस सूक्तमा पूर्वीय मान्यता अनुरूप वाक् तत्त्वकी अधिष्ठात्री मानिएकी वाग्देवी सरस्वतीका विषयमा चर्चा गरिएको छ। यस सूक्तका ऋषि भारद्वाज र ब्रार्हस्पत्य हुन्। यस सूक्तका मन्त्रहरूलाई सरसरती अभिधार्थमा हेर्दा यहाँ वाग्देवी सरस्वतीको नभएर सरस्वती नदीको चर्चा गरिएको हो कि भन्ने भान हुन्छ। तर लक्ष्यार्थद्वारा यस सूक्तका मन्त्रहरूको अर्थ खोजिएमा वक्ताका मुखारविन्दबाट नदीझैँ अबाध गति वा वेगमा बग्न सक्ने वाणीतत्त्वकै चर्चा गरिएको हो भन्ने प्रस्ट हुन्छ। यस सूक्तमा सरस्वतीको वेगलाई कसैले पनि रोक्न नसक्ने तथा उसैको कृपाले शत्रुलाई परास्त गरी धनार्जन गर्न सकिने कुरो उल्लेख्य छ।

सम्पूर्ण ऋग्वेदमा नै भाषा वा वाणी सम्बन्धी चिन्तनका दृष्टिले दशौँ मण्डलका सूक्तहरू अत्यन्त महत्त्वपूर्ण देखिन्छन्। यस मण्डलका मुख्यतः एकसट्ठीऔँ, एकाहत्तरौँ औ एक सय पच्चीसौँ सूक्तहरूमा वाणी वा वाक् सम्बन्धी चिन्तनका कुराहरू अभिव्यक्त भएको पाइन्छ। ऋग्वेदको दशौँ मण्डलको एकसट्ठीऔँ सूक्तको एघारौँ र एक्काइसौँ मन्त्रमा वाणीका शक्तिद्वारा नै जलवृष्टि भएका र साधकलाई शान्ति प्राप्त भएका प्रसङ्गहरू उल्लिखित छन्। यसरी ऋग्वेदका यी मन्त्रहरूमा वाणीलाई सर्वकामना पूर्ती गर्नसक्ने दैविक शक्तिका रूपमा स्वीकार गरिएको छ। यसै प्रसङ्गलाई पछिबाट उपनिषद् कालमा आएर छान्दोग्य र बृहदारर्ण्यक उपनिषद्ले अझ व्यापक रूपमा अघि सारेको देखिन्छ।

ऋग्वेदको दशौँ मण्डलको एकाहत्तरौँ र एक सय पच्चीसौँ सूक्त वाणी सम्बन्धी चिन्तनका दृष्टिले अझ महत्त्वपूर्ण र उल्लेखनीय छन्। यी दुईवटा सूक्त अन्य सूक्तहरूका सापेक्षतामा वाणी सम्बन्धी चिन्तनका दृष्टिले निकै महत्त्वपूर्ण देखिन्छन्। बृहस्पति र अङ्गी रस ऋषिका रूपमा रहेका एकाहत्तरौँ सूक्तका अधिकांश मन्त्रहरूले वाणी र वाणी साधनाको महत्त्व दर्साएको छ। यस सूक्तको दोस्रो मन्त्र यस्तो छ -

सूक्तमिव तितउना पुनन्तो यत्र धिरा मनसा वाचमक्रता।
सखायः साख्यानि जानते भद्रैषां लक्ष्मीनिर्हितधि वाचि॥

अर्थात् मेधावी वा धीरोचित्त भएका जनले बुद्धिबलको सहायताले नै वाणी प्रस्तुत गर्दछन् तथा वाणीकै सहायताले ज्ञानीले मित्रको मित्रतालाई चिन्दछन् वा जान्दछन्। यसरी यस मन्त्रमा ज्ञानी वा मेधावी गुरुबाटै वाणीका विषयमा शिक्षा ग्रहण गर्नु पर्ने कुराको सङ्केत गरिएको छ भने वाणीका माध्यमद्वारा नै मनुष्यका मित्रत्व आदि भावको प्रकाशन हुने तथा मङ्गलकारी लक्ष्मी वा श्री (धन, यश आदि) प्राप्ति हुने कुरा स्पष्ट रूपमा जनाइएको छ।

यसै सूक्तको चौथो श्लोक वा मन्त्र पनि उल्लेख्य छ जसको भावार्थ यस्तो हुन्छ- ''कतिपय मानिसहरूले वाणीलाई देखेर पनि देख्न सक्दैनन् र कतिपय मानिसहरूले वाणी सुनेर पनि सुन्न वा बुझ्न सक्दैनन्। वाक्देवीले आफ्नो स्वरूपलाई सतपात्रका अघि यसरी खोलिदिन्छिन् जसरी एउटी भार्या वा पत्नीले आफ्नो सुन्दर रूप पतिसँग लुकाउँदिन।''

उत त्वः पश्यन् न ददर्श वाचमुत त्वः क्षृणवन् न क्षृणोत्येनाम।
उतो त्वस्मै तन्वं वि सस्त्रे जायेव पात्य उशती सुवासाः।।

यसरी ने यसै सूक्तको पाँचौँ मन्त्रमा यसो भनिएको छ-

उत त्वं सख्ये स्थिरपीतमाहुनैनं हिन्वन्त्यपि वाजिनेषु।
अधेन्वा चरति माययैष वाचं शुश्रवां अफलामपुष्पाम्।।

अर्थात् मेधावीहरूमा पनि कोही कोही मेधावीहरू मात्रै यस्ता हुन्छन् जसले उत्तम शाब्दिक भाव ग्रहण गर्न सक्छन्। वाणी प्रकट गर्नामा ती मेधावीका समकक्ष कोही आउन वा टिक्न सक्दैनन्। तर जसले भाषा वा वाणीको मर्म अर्थात् वास्तविक अर्थ र अभिप्राय नबुझी वाणीलाई श्रवण र अध्ययनसम्म मात्रै सीमित राख्छन् उनीहरूको महत्त्व दुधरहित एउटी बैली गाईको जति मात्रै हुन्छ। यसरी नै क्रमशः यसै सूक्तको छैठौँ मन्त्र यस्तो छ-

यस्तितव्याज सचिविदं सखायं न तस्य वाच्यपि भागो अस्ति।
यदीं क्षृणोत्यलकं क्षृणोति नहि प्रेद सुकृतस्य पन्थाम्।।

अर्थात् मित्रभावले रहित भए ज्ञानीको वाणी पनि सर्वथा फलहीन नै हुन्छ। यस्ता मान्छेहरूले जे सुन्छन् ती सबै निरर्थक नै हुन्छन्। यस्ता मानिसहरू सधै सत्कर्मको मार्गबाट पनि वञ्चित नै हुन्छन्। यहाँ उल्लेख गरिएका ऋग्वेदका यी श्लोक वा मन्त्रहरूबाट ऋग्वैदिक ऋषिहरूले वाणीका विषयमा कति गम्भीरतापूर्वक चिन्तन मनन गरेका रहेछन् भन्ने स्वतः स्पष्ट हुन्छ। उनीहरूले वाणीलाई श्रवण र अभिव्यक्तिको साधन मात्रै नठानेर चिन्तन र साधना गर्न योग्य दैविक सम्पदाका रूपमा ग्रहण गरेको देखिन्छ। यी ऋग्वैदिक ऋषिहरूले वाणीको साधना गर्न मेधा (बुद्धि), सत्पात्रता, मित्रवत् व्यवहार एवम् विषयगत गहनता र गम्भीरतालाई आवश्यक साधनका रूपमा स्वीकार गरेको कुरो माथि उल्लेख गरिएका श्लोकहरूबाट स्पष्ट हुन्छ।

वाग्देवीको स्तुतिको अभीष्टले नै रचना गरिएको, ऋग्वेदको दशौँ मण्डलको एक सय पच्चीसौँ सूक्तमा पनि वाक् तत्त्वकै महिमा वा महत्त्व प्रतिष्ठापित गरिएको छ। वाणी सम्बन्धी चिन्तनका दृष्टिले ऋग्वेदको यो सूक्त सबैभन्दा महत्त्वपूर्ण र विवेच्य देखिन्छ। त्रिष्टुप तथा जगती छन्दमा विरचित वागाम्भृणी ऋषिका रूपमा रहेको यो वागम्भृणी सूक्तमा आद्योपान्त वाणीकै महिमा र महत्त्व गाइएको छ। यस सूक्तको पहिलो मन्त्र यस्तो छ-

अहं रूद्रेभिर्वसुभिश्चराम्यहमादित्यैरुत विश्वदेवैः।
अहं मित्रावरुणोभा बिभार्म्यहमिन्द्राग्नि अहमश्विनोभा।।

अर्थात् म वाग्देवी रुद्रगण र वसुगणसँगै भ्रमण गर्दछु। म आदित्यगण र विश्वदेवसँग रहन्छु। मित्रवरूण, इन्द्र, अग्नि र दुवै अश्विनीकुमार सबैलाई म नै धारण गर्दछु।

यसरी ऋग्वेदको उपर्युक्त मन्त्रमा रुद्र अर्थात् निर्भयता एवम् निर्विघ्नता; वसुगण अर्थात संरक्षण; आदित्य अर्थात् ऊर्जा; विश्वदेव अर्थात् सम्पूर्ण देवत्व एवम् दिव्यत्व सबै वाणीभित्र नै अन्तर्निहित हुन्छ भन्ने भाव प्रकट गरिएको छ।

इन्द्र अर्थात् यश, शक्ति र समृद्धि; अग्नि अर्थात् ओज, तेज र प्रकाश; मित्र वरूण अर्थात् स्नेह र मैत्री भाव; अश्विनीकुमार अर्थात् आरोग्य र सुस्वास्थ्य पनि वाणीकै साधनाले प्राप्त गर्न सकिन्छ भन्ने तथ्य यस मन्त्रले प्रस्ट पारेको छ। यस प्रकार वागम्भृणी सूक्तको प्रथम मन्त्रमा नै प्रतीकात्मक रूपले वाणीको उच्चतम महिमा र गरिमा प्रतिस्थापित गरिएको छ।

यसै सूक्तको तेस्रो मन्त्रमा वाक्तत्वको महत्त्व र महिमा यसरी गाइएको छ-

अहं राष्ट्री सङ्गमनी वसूनां चिकितुषी प्रथमा यज्ञियानाम्।
तां मा देवा व्यदधुः पुरत्रा भूरिस्थात्रां भूर्यावेशयन्तीम्।।

अर्थात् जगदीश्वरी, धनप्रदात्री, ज्ञानवती र यज्ञका उपयोगी देवताहरूमा सर्वोत्तम वाग्देवी मै हुँ। मेरो स्वरूप विभिन्न रूपमा विद्यमान छ र मेरो आश्रय स्थान पनि विस्तृत छ। देवताहरूले मलाई अनेकौँ स्थानमा अवस्थित गरेका छन्।

ऋग्वेदको प्रस्तुत मन्त्रमा वाक्तत्वलाई धन, ज्ञान तथा शक्तिको मूल स्रोत मान्नाका साथै सम्पूर्ण जीवन जगत्कै सृष्टि स्थितिका कारक तत्त्वका रूपमा समेत स्वीकार गरिएको पाइन्छ। वाणीको विविधता एवम् विविक्ततायुक्त स्वरूपका साथै वाणीको व्यापकतामाथि पनि यस मन्त्रले सक्दो प्रकाश पारेको छ। ऋग्वेदको यस मन्त्रमा अभिव्यक्त वाणीको व्यापकता र विस्तृतता सम्बन्धी अवधारणालाई वैज्ञानिक उपकरणहरूले पनि केही सीमासम्म प्रमाणित गरिदिएका छन्। एकै ठाउँमा बोलिएको शब्द टिभी, मोबाइल, रेडियो आदि यन्त्रहरूका माध्यमले एकै समयमा अनेकौँ ठाउँमा प्रसारण एवम् पुनःप्रसारण गर्न सकिन्छ। वस्तुतः यो भाषाकै व्यापकता हो यन्त्रहरू त केवल प्रसारणका माध्यम मात्र हुन्। यसरी नै यसै सूक्तको चौथो मन्त्रमा वाणीको महिमा यसरी प्रकट गरिएको छ-

मया सो अन्नमत्ति यो विपयति यः प्रणिति य ईं क्षृणोत्युक्तम्।
अमन्तवो मां त उप क्षियन्ति श्रुधि श्रुत श्रद्धिवं ते वदामि।।

अर्थात् मनुष्यमा जो प्राण, धारण, श्रवण, दर्शन एवम् अन्न ग्रहण गर्ने सामर्थ्य छ त्यो सबै वाक् देवी (वाणी)-कै कारण प्राप्त भएका हुन्। यसर्थ ती जसले वाणीको मर्म जान्दैनन् उनीहरू निश्चय नै छिट्टै नष्ट हुन्छन्। क्रमशः यसै सूक्तको अर्को श्लोकमा यसो भनिएको छ-

अहमेव स्वयमिदं वदामि जुष्ट देवेभिरुत मानुषेभिः।
तंतमुग्रं कृणोमि तं ब्रह्माणं तमृषिं तं सुमेधाम।।

अर्थात् जसको मनन वा चिन्तन मनुष्य र देवताहरूले समेत गर्दछन् ती सबै मैद्वारा प्राप्त भएका उपदेश हुन्। जसमाथि म अर्थात् वाणीको कृपा हुन्छ, उही नै बलवान, मेधावी, श्रोता एवम् ऋषि बन्न सक्छन्। यस सूक्तका अन्य मन्त्रहरूमा पनि यज्ञ उपयोगी दैविक शक्तिहरूमा वाणी वा वाक्तत्त्वकै सर्वोच्च र विशिष्ट एवम् महिमामय स्थान रहेको कुरा लेखिएको छ। अझ यस सूक्तको छैठौँ, सातौँ र आठौँ मन्त्रमा त वाणी सम्बन्धी चिन्तनका अत्यन्तै उच्चतम भाव प्रकट गरिएको पाइन्छ। यी मन्त्रहरूमा आकाश, अन्तरिक्ष, पृथ्वी, जल सबैतिर वाणी नै व्याप्त छ भन्ने भाव प्रकट गरिएको छ। दृष्टान्ततः

अहं जनाय समदं कृणाम्यहं द्यावापृथ्विवी आ विवेश। ६

अहं सुवे पितरमस्य मूर्धन् मम योनिरप्स्वन्तः समुद्रे।
ततो वि तिष्ठे भुवनानु विश्वोतामूं द्यां वर्ष्मणोम स्पृशामि।। ७
अहमेव वात इव प्र वाम्यारभमाणा भुवनानि विश्वा।
परा दिवा पर एना पृथिव्यैतावती माहिना सं बभूव।। ८

अर्थात् मानिसको हितका लागि म (वाग्देवी) नै सङ्ग्राम गर्दछु। म द्योलोक र पृथ्वी दुवैमा व्याप्त भएर रहन्छु। जगत्का सर्वोच्च स्थानको दिव्यलोक मैले नै प्रकट गरेकी हुँ। मेरो उत्पत्ति स्थल विराट आकाशका अपततत्त्वमा छ। उसै स्थानबाट सम्पूर्ण विश्वमा म व्याप्त हुन्छु। महान् अन्तरिक्षलाई मैले नै आफ्ना उन्नत देहले स्पर्श गरेकी छु। समस्त लोक बनाएर म वायुजस्तै सबै ठाउँ विचरण गर्दछु। मेरो महिमा स्वर्ग लोक र पृथ्वीभन्दा पनि महान् छ।

उपर्युक्त कथन अनुसार वाक् वा भाषा ब्रह्मझैँ सम्पूर्ण विश्वमा अन्तर्यामी रूपमा व्याप्त भएर रहने दिव्यतायुक्त अलौकिक शक्ति हो जसको महिमा सर्वत्र फैलिएको छ। यहाँ उल्लेख गरिएका ऋग्वैदिक मन्त्रहरूले वाणी वा भाषाको व्यापकता र सूक्ष्मताको महिमा गाउनका साथै यसको उद्गम स्थल वा अधिष्ठानबारे पनि प्रकाश पारेको छ।

यहाँ उल्लेख गरिएका ऋचाहरूको अध्ययन र विश्लेषणले ऋग्वेद पूर्वीय भाषा चिन्तन परम्परामा भाषाको दार्शनिक र संरचनात्मक चिन्तनको उपजीव्य ग्रन्थ हो भन्ने कुरो स्वतः स्पष्ट हुन्छ। ऋग्वेद अनुसार जीवन जगत्को सृष्टिसँगै भाषाको स्थूल अर्थात् वैखरी रूपको पनि सृष्टि भएको हो। यद्यपि ऋग्वेदमा भाषाको वैखरी (स्थूल एवम् संरचनात्मक) रूपका साथै सूक्ष्म (परा, पश्यन्ती र मध्यमा) रूपबारे पनि व्यापक रूपमा चर्चा भएको छ। ऋग्वैदिक मन्त्रहरूमा अनेकौँपल्ट वाक्तत्त्व अर्थात् वाणीलाई अक्षर, अविनाशी, आद्यान्तरहित, अति सूक्ष्म एवम् सर्वव्यापक तत्त्वका रूपमा प्रस्तुत गरिएको हुनाले ऋग्वेदमा वाणीको स्थूल रूपबारे नै अत्यधिक चर्चा भएको मान्न सकिन्छ। समग्रमा भन्नु पर्दा ऋग्वेदमा भाषाको आन्तरिक र बाह्य दुवै रूपको चर्चा गरी यसलाई विचारको वाहक र अभिव्यञ्जक तत्त्वका रूपमा लिइएको छ। वाक् तत्त्वलाई ऋग्वेदमा अत्यन्तै उच्च र महिमामण्डित स्थान प्राप्त भएको छ। वाक् तत्त्व वा वाणीको व्यापकता, महानता, महत्त्व र महिमा गाइएका अनेकौँ मन्त्रहरू ऋग्वेदमा पाइन्छन्।

## ९ निष्कर्ष

ऋग्वेदका विभिन्न ऋचाहरूमा नै भाषा वा वाणी सम्बन्धी चिन्तनका प्राचीन प्रारूप अर्थात् बीज रूप फेला पर्दछन्। अतः भारतीय परम्परामा ऋग्वैदिक कालदेखि नै वाणी सम्बन्धी चिन्तनका प्रयासहरू भएका पाइन्छन्। ऋग्वैदिक ऋषिहरूले गरेका वाणी विषयक चिन्तन सूत्रात्मक, रहस्यात्मक, एवम् अध्यात्ममुखी हुनाका साथै विचारणीय तथा विवेचनीय देखिन्छन्। यस शोध पत्रमा उल्लेख गरिएका ऋग्वैदिक ऋचाहरूको अध्ययन र विश्लेषणले ऋग्वेद पूर्वीय भाषा चिन्तन परम्परामा भाषाको दार्शनिक र संरचनात्मक चिन्तनको उपजीव्य ग्रन्थ हो भन्ने कुरो स्वतः स्पष्ट हुन्छ। ऋग्वेद अनुसार जीवन जगत्को सृष्टिसँगै भाषाको स्थूल अर्थात् वैखरी रूपको पनि सृष्टि भएको हो। यद्यपि ऋग्वेदमा भाषाको वैखरी (स्थूल एवम् संरचनात्मक) रूपका साथै सूक्ष्म (परा, पश्यन्ती र मध्यमा) रूपबारे पनि व्यापक रूपमा चर्चा भएको छ। ऋग्वैदिक मन्त्रहरूमा अनेकौँपल्ट वाक्तत्त्व अर्थात् वाणीलाई अक्षर, अविनाशी, आद्यान्तरहित, अति सूक्ष्म एवम् सर्वव्यापक तत्त्वका रूपमा प्रस्तुत गरिएको हुनाले ऋग्वेदमा वाणीको स्थूल रूपबारे नै अत्यधिक चर्चा भएको मान्न सकिन्छ। समग्रमा भन्नु पर्दा ऋग्वेदमा भाषाको आन्तरिक र बाह्य दुवै रूपको चर्चा गरी यसलाई विचारको वाहक र अभिव्यञ्जक तत्त्वका रूपमा लिइएको छ। वाक् तत्त्वलाई ऋग्वेदमा अत्यन्तै उच्च र महिमामण्डित स्थान प्राप्त भएको छ। वाक् तत्त्व वा वाणीको व्यापकता, महानता, महत्त्व र महिमा गाइएका अनेकौँ मन्त्रहरू ऋग्वेदमा पाइन्छन्। ऋग्वेदबाट प्रारम्भ भएको भारतीय भाषा चिन्तनको परम्परालाई उत्तर ऋग्वैदिक कालका

संहिता ग्रन्थ, ब्राह्मण ग्रन्थ, उनिषद् ग्रन्थ, प्रातिशाख्य एवम् व्याकरण ग्रन्थहरूले उत्तरोत्तर विकासका नवीन गति र दिशा प्रदान गरेको पाइन्छ।

## सन्दर्भ


१ आचार्य वेदान्त तीर्थ (अनु), इ सं २०१६, **ऋग्वेद भाग** १,२,३,४, नवौँ संस्करण, दिल्ली, मनोज पब्लिकेसन्स

२ तिलकप्रसाद लुइँटेल (अनु), वि सं २०६३, **ऋग्वेद,** काठमाडौँ, विद्यार्थी पुस्तक भण्डार

३ विद्यानिवास मिश्र, इ सं १९७३, 'भारतीय दर्शन की पीठिका', विद्यानिवास मिश्र र अन्य (सम्पा), **भारतीय भाषाशास्त्रीय चिन्तन**, जयपूर, राजस्थान, हिन्दी ग्रन्थ अकादमी

४ कपिलदेव द्विवेदी, इ सं २०१९, **भाषा-विज्ञान एवम् भाषा-शास्त्र**, सोह्रौँ संस्करण, वाराणसी, विश्वविद्यालय प्रकाशन

५ चूडामणि बन्धु, वि सं २०७०, **भाषाविज्ञानका सम्प्रदाय,** चौथो संस्करण, काठमाडौँ, एकता बुक्स प्रा ली

६ प्रेमप्रसाद चौलागाईँ, वि सं २०७९, **भाषाविज्ञानको परम्परा र पद्धति**, काठमाडौँ, ओरिएन्टल पब्लिकेसन